परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष ११ ❑ अंक ३२ २०७९ चैत ५ गते आईतवार Sunday 19, MAR 2023 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

## तुलसी सहकारीका ८ जना विरुद्ध ठगी मुद्दा उपाध्यक्ष सहित ३ पक्राउ, पाँचको खोजी जारी

बिराटनगर । विराटनगर महानगरपालिका-२ मा केन्द्रिय कार्यालय राखी देशभर शाखा संचालन गरी रहेका तुलसी (बहुमुखी) बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका ८ जना विरुद्ध जिल्ला प्रहरी कार्यालय मोरंगले ठगी मुद्दा दर्ता गराएका छन् ।




आठ जना मध्ये उपाध्यक्ष सहित ३ जनालाई प्रहरीले पक्राउ

आठ जना मध्ये उपाध्यक्ष सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको कुरा फागुन २९ गते सोमवारका दिन पत्रकार सम्मेलन गरी प्रहरी उपरीक्षक दिपक पोखरेलले जानकारी गराएका थिए । पक्राउ पर्नेहरुमा मोरङको, उर्लाबारी नगरपालिका-६ घर भई संस्थाको उपाध्यक्षको जिम्मेवारीमा रहेकी अनिता गौतम, झापाको भद्रपुर नगरपालिका-१४ घर भई विराटनगर महानगर पालिका-३ बस्ने सहकारी संस्थाको सचिवको जिम्मेवारीमा रहेकी सविना न्यौपाने र विराटनगर महानगर पालिका-२ का संस्थाका क्षेत्रीय प्रबन्धकको रुपमा कार्यरत मन्दिप खवास रहेका छन् ।

सहकारीका अध्यक्ष केदारनाथ शर्मा सहित ५ जनाको खोजीकार्य जारी रहेको प्रहरी उपरीक्षक दिपक पोखरेलले वताए । सहकारीका संचालक ८ जना विरुद्ध १ सय २१ ज्नाको लिखित जाहेरी प्राप्त भएको पोखरेलले वताए ।

नेपाल भरी कार्यक्षेत्र रहने गरी २०५२ चैत १३ गते सहकारी विभागमा दर्ता नं. ४१७ रही सालमा स्थापना भएको उक्त संस्थाको केन्द्रीय कार्यालय तत्कालीन विराटनगर उप-महानगरपालिका वडा नं. ३ हाल ऐ. महानगरपालिका वडा नं. २ मा सञ्चालित तुलसी बहुमुखी सहकारी संस्था लिमिटेडको देशै भरी सदस्य सङ्ख्या २१,७१३ (एक्काइस हजार सात सय तेह्र) रहेकोमा ४ हजार भन्दा बढी सदस्यहरू विराटनगरमा रहेको केन्द्रीय कार्यालयमा आबद्ध रहेका छन् । यही फागुन १ गते देखि सेयर सदस्यहरुलाई कुनै जानकारी नदिई कार्यालय बन्द गरी ठगी गरेको भनि सेयर सदस्यहरुले दिएको जाहेरीको आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी

वांकी अन्तिम पेजमा...

## प्रधानमन्धीको आग्रहमा उद्योगीहरूको आन्दोल स्थगीत

विराटनगर । चर्को बैंक व्याजदर तथा प्रतिकूल बैंकिङ नीतिहरु विरुद्ध विगत चार दिन देखि काठमाडौं केन्द्रित आन्दोलन मा रहेको बैंक तथ ावित्तीय संघर्ष समिति प्रधान मन्त्री पुष्पकमल दहालको विशेष आग्रहमा आन्दोलनका कार्यक्रम स्थगित गरिएको छ ।

चर्को बैंक व्याजदर लगायतका समस्याहरुबाट लामो समय देखि प्रताडित निजी क्षेत्रकाउद्योगी/व्यवसायीहरुको समस्या निराकरण का लागि सरकार तथा सम्बन्धित निकायले खासै ठोस कदम नचालेकाले उद्योगी व्यवसायीहरु २०७९ फाल्गुन २७ गतेदेखि काठमाडौंको विभिन्न स्थानहरुमा विरोधका कार्यक्रमहरु गर्दै आएका थिए ।

मोरंग व्यापार संघको आग्रहमा फाल्गुन २७ गते मुलुकभरीका १२५ बढि उद्योग वाणिज्य संघहरु, वस्तुगत संघहरु एवं औद्योगिक/व्यवसायिक संघ-संस्थाहरु काठमाडौंमा भेलाभई 'बैंक तथावित्तीय समस्या संघर्ष समिति' खडा गर्दै फाल्गुन २८ गते देखि माइतिघर मण्डला, नेपाल राष्ट्र बैंकको केन्द्रीय कार्यालय लगायतका स्थानहरुमा

वांकी अन्तिम पेजमा...

## दुईजना फरार प्रतिवादी पक्राउ

बिराटनगर । कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगर रिट बाट खटिएको प्रहरी टोलीले गोरु काटी मारेको मुद्धाका दुई जना फरार प्रतिबादीलाई पक्राउ गरेको छ ।

गोरु काटी मारेको मुद्धामा सम्मानित सुनसरी जिल्ला अदालतको २०७९ भाद्र ९ गतेको सजाय निर्धारण फैसला आदेशले जनही २ महिना ९ दिन कैद बेरुजु रहि फरार रहेका बराहक्षेत्र नगरपालिका(३ नडाहाका ५१ बर्षीय तिलक भन्ने तिलोक राई र ३६ बर्षीय निमा शेर्पालाई गाउँघरमा नै लुकिछिपी बसेको अवस्थामा फेला पारी प्रहरीले पक्राउ गरेको हो ।

पक्राउ परेका उनिहरुलाई सम्मानित सुनसरी जिल्ला अदालतमा दाखिला गरिएकोमा कैद भुक्तानको लागि झुम्का कारागार पठाएको छ ।

## मोरंग प्रहरीले हासिल गरको मुख्य उपलब्धी

विराटनगर । जिल्ला प्रहरी कार्यालय मोरंगले माघ २३ गते देखि फागुन २९ गते सम्म हासिल गरेको मुख्य उपलब्धीहरु सार्वजनिक गरेका छन् ।

जिल्ल प्रहरी कार्यलय मोरंगका प्रहरी उपरीक्षक दिपक पोखरेलले पत्रकार सम्मेलन गरी सो कुराको जानकारी गराएका हुन् ।

सो अवधीमा राजश्व चुवावट नियन्त्रण गर्दै भन्सार कार्यालय रानीमो राजश्व ८७ लाख १५ हजार ९ सय २ रुपिया र ५ सवारी साधन, ११ मानिस पक्राउ, राजस्व छली गरी लादै गरेको अन्दाजी २८ लाख बराबरको जुटको सामान, लहरि गाडि १ को ५२ लाख ५ सय गरी ८० लाख ५ सय, मापदण्ड बिपरित प्राकृतिक श्रोतसाधनमा दोहन गर्ने सवारी साधन १३ वटा को २८ लाख बुझाएको पोखरेलले जानकारी गराए ।

त्यसैगरी श्रोत नखुलेको रकम ३२ लाख ६५ हजार ३ सय १५ रुपिया र बिगो रकम ७ करोड १९ लाख ६८ हजार ६ सय ५० गरी जम्मा रकम ७ करोड ५२ लाख ३३ हजार ९ सय ६५ र ३ मोटरसाईकल, ९ मानिस राजश्व कार्यालय ईटहरी सुनसरी बुझाईएको वताए ।

साथै हालसम्म ५६० लिटर मदिरा, ३ जना ,मनिस,२ सवारी साधन, फरार प्रतिबादी ९ पुरुष २ महिला (जम्मा ११) जनाको ११ बर्ष ९ महिना बराबरको कैद सजाय, २ लाख ६६ हजार २ सय १७ रुपैयाँ बराबरको जरिवाना असुल गरी कुल जम्मा राजस्व रकम ९ करोड २४ लाख ९६ हजार ५ सय ८४ संकलन गरीएको छ ।

त्यसैगरी निम्म घटनाहरुका प्रहरीले सफलता हात पारेको छ २०७९ फागुन ७ गते जिल्ला मोरङ बुढिगंगा गाउँपालिका वडा नं.२ अमाही स्थित रहेको नरसिंह चौधरीको ग्वाली घरमा २८ बर्षिय प्रियंका सोनारलाई कर्तब्य गरी मृत्यु भएको घटनामा संलग्न ४ जनालाई पक्राउ गर्न सफल भएको, २०७९ फागुन १७ गते जिल्ला मोरङ सुनवर्षी नगरपालिका वडा नं.-१ स्थित डिल्ली बहादुर माझीको छोरा बर्ष १४ को बिशाल माझीलाई कर्तब्य गरी मारेको घटनामा संलग्न २ जनालाई पक्राउ गर्न सफल भएको छ ।

त्यसैगरी २०७९ फागुन २५ गते जिल्ला मोरङ बेलबारी नपा १ नक्सालबारी बस्ने बर्ष अ. ५७ को हेम कर्ण महतले निजको श्रीमती बर्ष अ. ५३ कि देबि महतलाई के

वांकी अन्तिम पेजमा...




SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## सम्पादकीय

### राजनीतिक जालझेलमा नलागौं

*नेपालको राजनीतिमा संघिय लोकतान्त्रिक गणतन्त्रात्क शासन व्यवस्थाको पहिलो पटक निर्वाचित भएको संघिय सांसद र प्रदेश सांसद लगायत स्थानीय तहको ५ वर्षका कार्यकाल सम्पन्न भई दोस्रो कार्यकालको लागि २०७९ साल बैशाख देखि नै स्थानीय तहको निर्वाचन शुरु भई मंसिर ४ गते संघिय र प्रदेश सांसदका समेत निर्वाचन सम्पन्न भई भएर फागुन २५ गते राष्ट्रपतिको निर्वाचन र चैत ३ गते उपराष्ट्रपतिका निर्वाचन सम्पन्न भई करीव करीव निर्वाचनका प्रक्रिया समाप्त भई सकेको छ । वांकी रहको खाली निर्वाचन क्षेत्रमा आउँदे बैशाख १० निर्वाचन गर्ने निर्वाचन आयोगले जनाएपछि निर्वाचन प्रक्रिया सिद्धि सकेको मानिन्छ । राजनीतिक दलहरुले १ वर्ष निर्वाचन प्रक्रियामै राजनीतिक पार्टी वीच जालझेल गर्दै २०७९ साल समाप्त हुन लागेको छ । अव २०८० कुनै पनि राजनीतिक जालझेल नगरी देशको विकास र समृद्धिमा लाग्नु पर्छ ।*

*देशको विकास र समृद्धिमा कुनै पनि राजनीति दलले अड्चन नहालौं । त्यो चाहे सत्तापक्षको राजनीतिक दल होस वा विपक्षी राजनीतिक दल होस । सत्तापक्षले विकास निमार्ण लगायतका काम गरेको राम्रो छ भने बहुमतले पारीत गरौ यदि खराव गरको छ भने बहुमतले त्यो काम नगरौ । देशको अर्थतन्त्र अहिलेको अवस्थामा जरजर भई सकेको हामी सुनि रहको तथा देखि रहेका छौ । त्यसैले देशको अर्थतन्त्रलाई सुधार गर्न उत्पादन मुलक उद्योगहरुलाई चलायमान बनाऔ । कृषि उत्पादनमा जोड दिएर आत्म निर्भर बन्ने तिर लाग्न जरुरी छ ।*

*राष्ट्रबैंको प्रक्षेपन अनुसार देशलाई धान्न सक्ने ९ महिना जातिका खर्चमा छ । राजश्व वृद्धि भएन र रेमिटेन्समा कमी आएमा देशमा आर्थिक संकल लाग्ने अर्थविदहरुले वताई रहेको अवस्था छ । त्यसैले समयमै हामी सवै मिलेर देशको विकास, समृद्धि, लगायत आम नेपाली जनताको चाहना अनुसार काम गर्न सवै राजनीतिक दलका नेताहरु, समाजिक संस्थाका प्रतिनिधीहरु लगायत बुदिजीवीहरु लाग्नुपर्ने अहिलेको आवश्यकता हो ।*

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईंकै हुने छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) :**सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईंकै हुने छ ।

# सांसदको भाषण र काम नाप्ने मिटर!

**सुमना श्रेष्ठ**

नयाँ संविधान निर्माण भएपछि नेपालमा दुईपटक आमनिर्वाचन सम्पन्न भइसकेको छ । निर्वाचनको मुखमा देशका हरेक चौर-चौतारी दलहरूका चुनावी घोषणापत्रले रंगिन्छ । चिया गफदेखि ठुल्ठूला सभा र बहसमा मानिसहरू तिनै घोषणापत्र दाँज्ने, नियाल्ने र प्रश्न गर्ने गर्छन् ।

यी सबै गतिविधिका कारण निर्वाचनले वास्तवमै राष्ट्रिय उत्सवको आकार लिएको हुन्छ । तर जब मौन अवधि हुँदै मतगणना सकिन्छ, ती घोषणापत्रहरू रद्दी कागजमा परिणत हुन्छन् । जुन घोषणापत्रमाथि चिया पसलमा घगडान सैद्धान्तिक बहस हुन्थ्यो, चुनावपछि त्यही घोषणापत्र तिनै चिया पसलमा टेबल पुछ्न र मःमः पोको पार्न प्रयोग गरिन्छ ।

यसरी सबै राजनीतिक दलका घोषणापत्र छोटो समयमै राष्ट्रिय चासोको दस्तावेजबाट कागजको टुक्रामा परिणत हुन पुग्छ ।

यति मात्र होइन, जब हाम्रा प्रतिनिधिहरू संसद भवन पुग्छन्, तब हामी आफैं ती घोषणापत्रमा उल्लिखित बाचाहरू भुलिदिन्छौं। केही असामान्य गतिविधि भए मात्र संसद भवनमा के हुँदैछ भन्ने जानकारी नागरिकसमक्ष पुग्छ । बजेट भाषण हुँदा वा यस्तै कुनै महत्वपूर्ण घडीमा वर्षको एकाधपटक मात्र हामी संसदको प्रत्यक्ष प्रसारण सुन्ने गर्छौं । विधेयक मस्यौदाको प्रक्रिया, विधेयक दर्ता, विधेयकमा हुने दफावार छलफल, विधेयकमा प्रस्तावित संशोधन प्रक्रियामा नागरिकको चासो अत्यन्तै कम हुन्छ ।

कुनै विधेयक संसदमा पेस भएपछि त्यसबारे आउने समाचार मा पनि मतदाताको क्षणिक आकर्षण मात्र देखिन्छ । मिडिया वा सामाजिक सञ्जालमा हुने छलफलअनुसार हामी ती विषयमा आफ्नो विचार निर्माण गर्छौं । आफ्ना सांसदको विचारधारा र कुनै विधेयकप्रति उनीहरूका विचारलाई वस्तुगत रूपमा विश्लेषण गर्दैनौं ।

अन्तर्वार्ताहरूमा मलाई प्रायः मेरो राजनीतिक झुकाव वा धारणा के हो भनेर सोध्ने गरिन्छ । म लेफ्टिस्ट हुँ कि राइटिस्ट वा सेन्ट्रिस्ट भन्नेमा चासो राखिन्छ । त्यस्तो बेला म एक शब्दको उत्तर दिउँला अनि अर्को प्रश्नतर्फ मोडिऊँला, तर केही दिनपछि जब आफ्नो राजनीतिक धारणालाई नीति निर्माण वा कार्यान्वयनमा उतार्ने समय आउँछ, म आफूले भने विपरीत को धारणालाई समर्थन गर्न सक्छु । अब भन्नुहोस् यो अवस्थामा तपाईंहरू मेरो बोलीलाई आधार मान्नुहुन्छ कि मैले गरेको कामलाई? मेरो बोलाइ र गराइमा भएको भिन्नता कसले हेर्ने ? नेपाली जनताले म लगायतका जनप्रतिनिधिलाई कसरी जवाफदेही बनाउने ?

नागरिकले आफ्ना प्रतिनिधि लाई जवाफदेही बनाउने माध्यम नभएको आजको अवस्थामा म जनप्रतिनिधिको काम र धारणा मापन गर्ने मिटर, अर्थात् 'धारणा-मिटर' प्रस्ताव गर्न चाहन्छु ।

घरमा कति पानी तान्यो भनेर अंकमा तथ्यांक रेकर्ड गर्ने मिटर तपाईंहरूलाई थाहै छ। हामी उत्तर फर्केको हो कि दक्षिण, पूर्व हो कि पश्चिम भनेर दिशा देखाउने कम्पास पनि तपाईंहरूले देख्नुभएकै छ। धारणा-मिटरले त्यस्तै काम गर्छ ।

यसले जनप्रतिनिधिका धारणालाई उनीहरूको बोली र काम विश्लेषण गरी अभिलेख राख्छ र त्यसको मापन गर्छ । यस्तो धारणा-मिटर भइदिए सायद अर्को पाँच वर्षमा हामी फरक बाचा र आधारसहित चुनावमा जाने थियौं । घोषणापत्रको कागजी महल देखाएर होइन, विगतमा गरेका काम देखाएर चुनावमा मत माग्ने अवस्था आउन सक्थ्यो ।

धारणा-मिटर किन त ?

हामी सबैलाई थाहा छ, सदन भनेको जनताको हो, सरकारको होइन। सदनमा के हुँदैछ र जनप्रतिनिधिले के गर्दैछन् भनेर हेर्न पाउने अधिकार सदैव नागरिकलाई हुन्छ। धारणा-मिटर यसै सिद्धान्तमा आधारित छ ।

जनप्रतिनिधिका काम, कर्तव्य, अधिकार, जिम्मेवारी र भूमिकाबारे नागरिकमा सचेतना वृद्धिका साथै जनप्रतिनिधिलाई जवाफदेही बनाउन अपरिहार्य छ। यसका लागि हामीले गरेका बाचा, हामीले व्यक्त गरेका धारणा, संसद र सरकारमा हाम्रो भूमिका लगायत आधारमा ठोस मूल्यांकन मापदण्ड आवश्यक हुन्छ ।

कानुनको व्याख्यामा जनप्रतिनिधिका धारणाको अभिलेखले एउटा महत्वपूर्ण भूमिका निर्वाह गर्छ। तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले गरेको संसद विघटन मुद्दासम्बन्धी बहसमा संविधानको व्याख्या गर्दा संविधानसभामा भएका बहसको रेकर्ड मगाउन अनुरोध गरिएको थियो । अदालतले कुनै कानुन विश्लेषण गर्दा विधेयकमाथि भएका सैद्धान्तिक तथा दफावार छलफलका कागजात मगाउने अभ्यास देखिन्छ। अन्तर्राष्ट्रिय रूपमा पनि मूल कानुन शाब्दिक रूपमा प्रस्ट नभए त्रावा प्रेपेरेत्वा (travaux prépara toires) अर्थात् कानुन मस्यौदा गर्दा आएका विचार र धारणालाई उक्त कानुन व्याख्या गर्न प्रयोग गरिन्छ ।

यस कारण कुनै सांसद र सदनको धारणा विधेयकसँग जोडेर अध्ययन गर्नु अत्यन्तै जरूरी देखिन्छ ।

धारणा-मिटरः विश्लेषणका उदाहरणहरू

धारणा-मिटरले कसरी काम गर्छ भनी थाहा पाउन कुनै पनि विधेयक र त्यसमा आएका संशोधन प्रस्ताव हेर्न सकिन्छ ।

उदाहरणका लागि, खाद्य विधेयक र त्यसमा आएका संशोधन प्रस्तावमा हामीले साना र मझौला उद्यमीको फाइदाका लागि के-कस्ता व्यवस्था प्रस्ताव गरेका छौं? ठूला घरानाका उद्योगको मात्र फाइदा हुने प्रावधान प्रस्ताव गरेका छौं कि ?

यति मात्र होइन, के हामी जनप्रतिनिधिहरू मिडियामा सार्वजनिक भएका आफ्ना पुराना अभिव्यक्तिविरूद्ध मत खसाल्दै त छैनौं ?

के हामीले महिला हकमा दिएका भाषण महिला हितका लागि व्यवस्था गरिएको कानुन संशोधनमा प्रस्तावित हुन्छ ?

सामाजिक न्यायका दृष्टिबाट कस्ता प्रस्ताव पेस गरिएका हुन्छ ? के जनप्रतिनिधिले पेस गर्ने प्रस्तावले वैदेशिक रोजगारीमा गएका कामदारको मानव अधिकार सुनिश्चित गर्छ ? वा, नेपाली कामदारलाई राष्ट्रिय आयको स्रोतका रूपमा मात्र हेरिएको छ कि ?

यस्ता प्रश्नका उत्तर जनप्रतिनिधिहरूले संसदमा पेस गरेका प्रस्ताव, दर्ता गराएका संशोधन र हालेका मतबाट पत्ता लगाउन सकिन्छ। जनहितप्रति हाम्रो प्रतिबद्धता, लैंगिक समानता, अल्पसंख्यक तथा सीमान्तकृत व्यक्ति र समुदायतर्फको दायित्वबोधको मूल्यांकन हाम्रा प्रस्ताव र संसदीय भूमिकाले प्रस्ट्याउँछन् ।

भन्नुको मतलब, एक सांसदका रूपमा मेरो धारणा पत्ता लगाउन मलाई सोध्नुभन्दा मेरा संसदीय गतिविधि, संसदमा मैले पेस गरेका प्रस्ताव र विधेयक माथिको संशोधन हेर्नु अझ उचित माध्यम भएन त ?

धारणा-मिटर कुनै नवीन आविष्कार होइन । विश्वका विभिन्न देशमा यसको कार्यान्वयन विभिन्न रूपमा भइआएका छन् । बेलायत र भारतमा सांसद रिपोर्ट कार्ड प्रयोग गरिन्छ । बेलायतमा एक स्वतन्त्र संस्थाले कुन विषयमा कुन प्रतिनिधिले कसरी मतदान गरे र कुनै विषयमा सदनमा भएको बहसलाई जनतासमक्ष सजिलै पुग्ने गरी एक तथ्यांक प्रणाली बनाएर जनप्रतिनिधिलाई जवाफदेही बनाइएको छ ।

यस्तो रिपोर्ट कार्डमा संशोधन मात्र नभई संसदमा उपस्थिति, संसदमा अनुपस्थितिको कारण, प्रस्तुत गरेको विधेयक संख्या, विधेयकमा मत खसालेको संख्या, आयोजना गरेको वा भाग लिएको सार्वजनिक सुनुवाइको संख्या, संसदमा कतिपटक बोले, कुन-कुन प्रसंगमा र कसका पक्षमा बोले, सांसद विकास कोषको प्रयोग के-के काममा गरियो, त्यस कोषबाट सम्पन्न कार्यक्रमको प्रगति प्रतिवेदन लगायतको

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

## श्रीमतिको हत्या गरेको आरोपमा श्रीमान् पक्राउ

विराटनगर । मोरङको बेलबारी नगरपालिका-१ का ५७ बर्षीय हेम कर्ण महतलाई आफ्नै श्रीमतीको हत्या गरेको आरोपमा प्रहरीले पक्राउ गरेको छ ।

गत फाल्गुन २५ गते उनले घरायसी वादविवादको कारण ५३ बर्षीया श्रीमती देवि महतलाई टाउमा धारिलो हतियार प्रहार गरी कर्तब्य गरी मारी फरार भएका थिए । श्रीमतीको हत्या गरी घटना स्थलबाटै फरार भएका महतको खोज तलासको क्रममा इलाका प्रहरी कार्यालय पथरीबाट खटिएको प्रहरी टोलीले बिहिवार पथरी शनिश्चरे नगरपालिका-१० स्थित बसपार्कबाट पक्राउ गरेको थियो ।

पक्राउ परेका महतको इलाका प्रहरी कार्यालय बेलबारीबाट थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

## लागुऔषध सहित झापा, मोरंग र सुनसरीबाट ६ पक्राउ

बिराटनगर । लागुऔषध ब्राउन सुगर सहित झा, मोरंग र सुनसरी जिल्लाको विभिन्न ठाउँबाट ६ जनालाई प्रहरीले पक्राउ गरका छन् ।

मोरङको बिराटनगर महानगर पालिका-१५ स्थितमा लागुऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले चेक जाँचको क्रममा भारतबाट नेपाल तर्फ आउदै गरेका प्रदेश १-०२-०४५ प १३८७ नम्बरको मोटरसाईकल चालक बिराटनगर-४ का २३ बर्षीय निश्चल गुरुङको साथबाट ३२ ग्राम ब्राउन सुगर बरामद गरेको थियो । त्यसै गरी बिशेष सुचनाको आधरमा प्रहरी चौकी केर्खा झापाबाट खटिएको प्रहरी टोलीले कमल गाउँपालिका-४ का ४२ बर्षीय ईन्द्र बहादुर लिम्बुको साथबाट ४ सय २० मिलिग्राम र २३ बर्षीय सतिष तामाङ्गो साथबाट २ सय २० मिलिग्राम ब्राउन सुगर बरामद गरेको थियो ।

त्यसैगरी लागुऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले चेक जाँचको क्रममा बिराटनगर-१५ स्थितमा भारतबाट नेपाल तर्फ आउदै गरेको को. ३९ प ८७१५ नम्बरको मोटरसाईकलमा सवार रहेका उदयपुर चौदण्डिगढी-२ का २९ बर्षीय उमेश खत्री र ईटहरी उप-महानगरपालिका-५ का २८ बर्षीय बसन्त तोलाङ्गीको साथबाट २ ग्राम ९३ मिलिग्राम ब्राउन सुगर र नगद १८ हजार रुपैया बरामद गरेको थियो ।

सोही दिन ईलाका प्रहरी कार्यालय धरानबाट सादा पोशाकमा खटिएको प्रहरी टोलीले धरान-१५ का २७ बर्षीय जेल्स राईको कोठाबाट ३ ग्राम ब्राउन सुगर साथै ट्रामाडोल, स्पास्पेइन ८० ट्यावलेट र नगद ६० हजार ३ सय ५ रुपैया सहित पक्राउ गरेको थियो । लागुऔषध सहित पक्राउ परेका उनिहरुको सम्बन्धित कार्यालयहरुबाट थप अनुसन्धान भईरहेको छ ।

## हार्दिक अनुरोध

- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थलमा फोहर नफालौ । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकिहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

**धनपालथान गाउँपालिकाको कार्यालय, कर्सिया मोरंग, प्रदेश १**



यो धुम्रपानको आदत सजिलो तरीकाले कहाँ छुट छ, पहिले सिग्रेट हामी फुक्छौ, फेरी सिग्रेट हामीलाई फुकि हाल्छ ।

# रामसहाय यादवको विज्ञान शिक्षक देखि उपराष्ट्रपतिसम्मको यात्रा

अस्थायीबाट स्थायी शिक्षक हुन १२ वर्ष मेहनत गरेका रामसहायप्रसाद यादव सक्रिय राजनीतिमा लागेको १५ वर्षमै उपराष्ट्रपति बनेका छन् ।

जनता समाजवादी पार्टी (जसपा) नेपालका रामसहायप्रसाद यादव उपराष्ट्रपतिमा निर्वाचित भएका छन् । चैत ३ गते शुक्रबार भएको निर्वाचनमा ३० हजार ३२८ मतभार पाएर यादव उपराष्ट्रपतिमा निर्वाचित भएका हुन् । उनी देशको तेस्रो उपराष्ट्रपति बनेका छन् ।

उपराष्ट्रपति निर्वाचित हुने उनी मधेशी समुदायका दोस्रो व्यक्ति हुन् । यसअघि २०६५ सालमा परमानन्द झा उपराष्ट्रपति बनेका थिए ।

लामो समय शिक्षण पेशामा बिताएका यादव मधेश आन्दोलनबाट चर्चामा आएका थिए । शिक्षक आन्दोलनबाट राजनीतिक यात्रा शुरू गरेका यादव मधेशी समुदायलाई आफ्नो अधिकारका पक्षमा लड्न प्रेरित गर्ने व्यक्तिमा पर्छन् । उनी मधेश आन्दोलनको नेतृत्व गर्ने थोरै नेतामध्ये पर्छन् ।

सानैदेखि कम्युनिस्ट राजनीतिबाट प्रभावित यादवले बाराको कलैयामा २३ वर्षसम्म शिक्षण पेशा गरेका थिए । उनलाई मधेशका माड्साबका रूपमा समेत चिन्ने गरिन्छ ।

उनले २०४८ सालमा अस्थायी शिक्षकका रूपमा पन्नादेवी कन्या माविबाट शिक्षण पेशा शुरू गरेका थिए । उनले १२ वर्षसम्म अस्थायी शिक्षक भएर पढाएका थिए ।

२०६० सालमा आएर उनी स्थायी शिक्षकमा नाम निकाल्न सफल भए । उनी विज्ञान र गणितमा अब्बल शिक्षकका रूपमा चिनिन्थे ।

शिक्षण पेशामा संलग्न भएकै वेला उनी राजनीतिमा पनि सक्रिय थिए । भूमिगत राजनीतिका क्रममा उनलाई चन्द्रगुप्तका नामले परिचित थिए ।

मधेश आन्दोलनका क्रममा उनले शिक्षण पेशाबाट राजनीतमा आए । त्यसपछि मध्य तराईमा मधेश जनविद्रोहको नेतृत्व गरेका थिए । उनलाई मधेशमा सडक संघर्षका नायकमा रूपमा लिने गरिन्छ ।

मधेश आन्दोलनपछि बनेका प्राय : सबै सरकारमा मधेशका सबै नेता मन्त्री बने । उनी भने लाभको पदतिर आकर्षित भएनन् । त्यसैले पनि होला, उनलाई मधेशको राजनीतिमा स्वच्छ तथा इमानदार छविका नेताका रूपमा लिइन्छ ।

बाराको कचोर्वास्थित बसबरियामा २०१७ सालमा सिहवादेवी यादव र प्रसादराय यादवका कान्छो छोराका रूपमा जन्मिएका उनको बाल्यकाल सामान्य तवरले बितेको थियो । उनका दुई दाइ र तीन दिदी छन् ।



उपराष्ट्रपति रामसहायप्रसाद यादव

उनको प्रारम्भिक शिक्षा गाउँकै नेपाल राष्ट्रिय प्राविबाट शुरू भएको थियो । त्यसपछि कक्षा ४ देखि ७ सम्म कचोर्वा स्थित जनता निमाविमा अध्ययन गरेका थिए । कक्षा ८ मा सिम्रौनगढस्थित कंकाली माविमा भर्ना भएका उनले एसएलसी पनि त्यहींबाट गरे ।

भारतको सीतामढी कलेजबाट बीएस्सीसम्म अध्ययन गरेका यादव त्यसपछि शिक्षण पेशामा लागेका थिए । अध्यापनकै क्रममा उनले ठाकुरराम बहुमुखी क्याम्पस वीरगञ्जबाट गणितमा बीएड गरेका थिए ।

नेपाल सद्भावना पार्टीबाट राजनीति शुरू गरेका यादव युवावस्थादेखि नै प्रगतिशील स्वभावका थिए । २०४७ सालमा सद्भावना पार्टीको नेपाल शिक्षक संगठनमा आबद्ध भएका थिए ।

२०५९ सालमा नेपाल सद्भावना पार्टीको पाँचौं महाधिवेशनका क्रममा पार्टी एकता कायम राख्न माग गरी सप्तरी सेवा आश्रममा अनशन बसेका थिए । सद्भावना पार्टीकी नेत्री आनन्दीदेवी सिंहले अनशन तोड्न लगाएकी थिइन् । त्यसपछि सिंहकै नेतृत्वमा नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) गठन भएको थियो ।

सद्भावना छोडेर मधेशी जनअधिकार फोरम, नेपालमा आबद्ध भएका यादव २०६० फागुन ७ मा फोरम बाराको अध्यक्ष बनेका थिए । त्यही वर्ष भारतको पटनामा भएको बैठकबाट केन्द्रीय सदस्य बनेका थिए ।

२०६२/६३ सालको जन आन्दोलनका क्रममा काठमाडौंमा सक्रिय रहेका वेला पक्राउ परेका थिए । त्यस्तै, मधेश आन्दोलनका क्रममा बारा, पर्सा, रौतहट र कैलालीमा पटक पटक पक्राउ परेका थिए ।

२०६४ साल मधेशी जनअधिकार फोरम, नेपाल पार्टी दर्ता हुँदा उनी पनि केन्द्रीय सदस्य थिए । त्यसपछि शिक्षकबाट राजीनामा दिएर पूर्णकालीन राजनीतिमा लागे ।

संविधानसभाको पहिलो निर्वाचनमा समानुपातिकबाट संविधानसभा सदस्य बने । २०७० सालमा भएको संविधानसभाको दोस्रो चुनावमा पनि समानुपातिक उम्मेदवार थिए, तर निर्वाचित हुन सकेनन् ।

२०७२ सालमा मधेशी जनअधिकार फोरम र संघीय समाजवादी पार्टी एकीकरण भएर बनेको संघीय समाजवादी फोरमको महासचिव बने । त्यसपछि २०७५ सालमा संघीय समाजवादी फोरम र नयाँ शक्ति पार्टी एकीकरण भएर बनेको संघीय समाजवादी पार्टीको पनि महासचिव बने । त्यसको अर्को वर्ष समाजवादी र राष्ट्रिय जनता पार्टी (राजपा) मिलेर जनता समाजवादी पार्टी बन्दा कार्यकारिणी समिति सदस्य भएका थिए ।

उनी २०७४ सालमा भएको प्रतिनिधि सभा सदस्यको निर्वाचनमा बारा-२ बाट निर्वाचित भएका थिए । गत मंसीर ४ गते भएको प्रतिनिधि सभा सदस्यको निर्वाचनमा पनि बारा-२ बाटै निर्वाचित भएका थिए । जसपा संसदीय दलको नेता रहेका यादव अब देशको उपराष्ट्रपति बनेका छन् ।



क्राईम अपरेशन
Crime Operation

## भारतवाट नेपाल ल्याउदै गरेको अबैध समानहरू बरामद

बिराटनगर। मोरङ जिल्लाको बिभिन्न स्थानहरुबाट भन्सार छली भारतबाट नेपाल तर्फ ल्याउदै गरेको बिभिन्न प्रकारका अवैध सामानहरु प्रहरीले बरामद गरेको छ।

जिल्लाको सिमावर्ती क्षेत्रहरुमा परिचालित प्रहरी गस्ती टोलीले भन्सार छली चोरी तस्करी गरी ल्याउदै गरेको अवस्थामा बिभिन्न प्रकारका खाध्यान्नका सामग्री, कुर्था सुरुवालको कपडा, जेन्स बेल्ट लगायतका करिव ४ लाख २७ हजार रुपैया बराबरको सामान बरामद गरेको थियो।

त्यसैगरी मोरङको बिराटनगर महानगरपालिकाका बिभिन्न स्थानहरुबाट भन्सार छली गरी नेपाल भित्राउदै गरेको अवैध सामानहरु प्रहरीले बरामद गरेको छ। सिमावर्ति क्षेत्रहरुमा परिचालित प्रहरी गस्ती टोलीले भन्सार छली चोरी पैठारी गरी नेपाल भित्र्याउदै गरेको अवस्थामा बिभिन्न प्रकारको कुर्था सुरुवाल, साडी, र मोटर्स पार्स, ग्याँसको पाईप, किटको कराई लगायतका सामानहरु बरामद गरेको हो।

बरामद भएका सामानहरु आवश्यक कारबाहीको लागी भन्सार कार्यालय बिराटनगरमा बुझाईएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

## लागुऔषध ब्राउनसुगर सहित झापा र मोरंगबाट चार जना पक्राउ

बिराटनगर। झापा र मोरङको छुट्टा छुट्टै स्थानबाट प्रतिबन्धित लागुऔषध ब्राउन सुगर सहित चार जनालाई प्रहरी पक्राउ गरेको छ

झापाको दमक नगरपालिका-१ स्थितमा लागुऔषध बिक्री बितरण भईरहेको छ भन्ने बिशेष सुचनाको आधारमा इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले दमक -७ का २३ बर्षीय रविन कटुवाल र उनको श्रीमती २१ बर्षीया अनिता बि.क.लाई ६ सय ७० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो।

त्यसै मोरङको बिराटनगर महानगरपालिका-१५ ढाट स्थितमा लागुऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले भारतबाट नेपाल तर्फ आउदै गरेको को. २७ प ८८९५ नम्बरको मोटरसाईकलको ट्याङकी मुनि लुकाई छिपाई राखेको अवस्थामा ८ ग्राम ७८ मिलि ग्राम ब्राउन सुगर फेला पारे सगै मोटरसाईकलमा सवार रहेका धरान-८ का ३० बर्षीय जंगमनी मगर र धरान-७ का २७ बर्षीय बिक्रम राईलाई पक्राउ गरेको थियो।

लागुऔषध ब्राउन सुगर सहित पक्राउ परेका उनिहरुको सम्बन्धित कार्यालयबाट थप अनुसन्धान भईरहेको छ।


## हार्दिक अनुरोध

- सार्वजनिक स्थळमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसळ व्यवसाय संचाळन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थळमा फोहर नफाळौ । गाउँळाई सफा राखौ ।
- महिळा हिंसा अन्त्यका ळाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुळाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

जहदा गाउँपालिकाको कार्यालय मझारे, मोरंग, प्रदेश १





# राष्ट्रपति रामचन्द्र पौडेलको राजनीतिक जीवनी

नेपालको राष्ट्रपतिमा रामचन्द्र पौडेल निर्वाचित भएका छन्। नेकपा एमालेका उपाध्यक्ष सुवासचन्द्र नेम्वाङलाई पराजित गर्दै कांग्रेसका वरिष्ठ नेता पौडेल मुलुकको तेस्रो राष्ट्रपतिमा निर्वाचित भएका हुन्।

निर्वाचन आयोगका फागुन २५ गते भएको राष्ट्रपतिको निर्वाचन परिणाम अनुसार पौडेलले ३३ हजार ८०२ मतभार पाउँदा नेम्वाङले १५ हजार ५१८ मतभार ल्याएका छन्। राष्ट्रपति निर्वाचनका लागि कांग्रेसले सत्ताको नेतृत्व गरिरहेको नेकपा माओवादी केन्द्रसहितका ७ दलसँग गठबन्धन गरेको थियो।


राष्ट्रपति रामचन्द्र पौडेल

पौडेलले उम्मेदवारी दर्ता गर्दा कांग्रेस सभापति शेरबहादुर देउवा, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, माओवादीका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, जनता समाजवादी पार्टी (जसपा) का उपाध्यक्ष अशोक राई र जनमत पार्टीका नेता मो. अब्दुल खान प्रस्तावक बसेका थिए।

उनको समर्थकमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का अध्यक्ष महन्थ ठाकुर, कांग्रेस उपसभापति पूर्णबहादुर खड्का, नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठ, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी र माओवादी नेता हितराज पाण्डे थिए।

पौडेललाई सत्ताको नेतृत्व गरिरहेको नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी (जसपा), राष्ट्रिय जनमोर्चा, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीको समर्थन थियो।

आयोगले नवनिर्वाचित राष्ट्रपति पौडेललाई सोमबारको साइत पारेर पद तथा गोपनीयताको शपथ गराएको थियो। 'वर्तमान राष्ट्रपतिको कार्यकाल २८ गतेसम्म रहेको थियो। २६ गते राष्ट्रपतिलाई प्रतिवेदन बुझाएको थियो। २९ गते (सोमबार) राष्ट्रपतिको शपथ भयो।

नेपालको संविधानले राष्ट्रपतिले प्रधानन्यायाधीश समक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने व्यवस्था गरेको छ। जसअनुसार बिहीबार चुनिने नयाँ राष्ट्रपतिलाई कामु प्रधानन्यायाधीश हरिकृष्ण कार्कीले आगामी सोमबार पद तथा गोपनीयताको शपथ गराएका थिए।

'राष्ट्रपति र उपराष्ट्रपतिले आफ्नो कार्यभार सम्हाल्नुअघि संघीय कानुन बमोजिम राष्ट्रपतिले प्रधानन्यायाधीश समक्ष र उपराष्ट्रपतिले राष्ट्रपति समक्ष पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ,' संविधानको धारा ७१ मा भनिएको छ।

प्रहरीले राष्ट्रपति पौडेललाई तत्कालका लागि आवश्यकता अनुसार सुरक्षा व्यवस्था मिलाउने जनाएको छ। नेपाल प्रहरीका निमित्त केन्द्रीय प्रवक्तासमेत रहेका प्रहरी वरिष्ठ उपरीक्षक दीपेन्द्र जिसीले नयाँ राष्ट्रपतिलाई तत्कालका लागि आवश्यकता अनुसार सुरक्षा व्यवस्था मिलाएको थियो।

गएको मंसिर ४ मा सम्पन्न आम निर्वाचनपछि कांग्रेस र माओवादी मिलेर सरकार बनाउनु पर्ने बताउँदै आएका पौडेलले एमाले र माओवादीबीच पुस १० गते गठबन्धन भएपछि 'प्रचण्डबाट कांग्रेसलाई नभई कांग्रेसले प्रचण्डलाई धोका दिएको' टिप्पणी गरेका थिए।

तत्कालीन समयमा उनी प्रचण्डलाई पहिलो कार्यकालको प्रधानमन्त्री दिएर पनि चुनावी गठबन्धन जोगाउनु पर्ने पक्षमा देखिएका थिए। पुस १० मा टुटेको तत्कालीन ५ दलीय गठबन्धन ब्युँताउन पौडेलले राजनीतिक कौशल प्रदर्शन गरेका थिए।

२०१५ सालदेखि कांग्रेसको राजनीतिमा लागेका पौडेल २०३४ सालमा पहिलो पटक पार्टीको केन्द्रीय सदस्य बनेका थिए। १२ औं महाधिवेशनबाट उपसभापति बनेका पौडेलले कार्यवाहक सभापतिको हैसियतमा २०७२ सालमा पार्टीको १३ औं महाधिवेशन सफलतापूर्वक सम्पन्न गरेका थिए।

पौडेलले राजनीतिक जीवनमा २०१८ देखि २०६२ सम्म अनेक पटक गरी झण्डै १५ वर्ष जेल जीवन बिताएका छन्। उनी पहिलो पटक २०१८ को भरतपुर काण्डको विरोधमा उत्रिँदा गिरफ्तार भएर जेल परेका थिए।

उनी कीर्तिपुर विश्वविद्यालयमा रमाइलो झोडा काण्डको विरोधमा कार्यक्रम गर्दा गिरफ्तार भएर २०२८ बाट २०३२ सम्म जेल परेका थिए।

पौडेल २०४७ पछिका आमनिर्वाचनमा ६ पटक (वि.सं २०४८, २०५१, २०५६, २०६४, २०७० र २०७९) तनहुँबाट प्रतिनिधि सभा तथा संविधान सभा सदस्य निर्वाचित भएका थिए। उनले स्थानीय विकासमन्त्री, कृषि तथा सहकारीमन्त्री, उपप्रधानमन्त्री तथा गृहमन्त्री, सञ्चारमन्त्री, जलस्रोत, शिक्षामन्त्री र उपप्रधान तथा शान्ति पुनःनिर्माणमन्त्री भएर सरकार सञ्चालनको अनुभव बटुलिसकेका छन्।

प्रतिनिधि सभाका पूर्वसभामुख समेत रहेका पौडेल मानव अधिकार सम्बन्धी विभिन्न पुरस्कारसहित जापान सरकारले प्रदान गरेको राजकीय सम्मान 'अर्डर अफ द राइजिङ सन' बाट सम्मानित भइसकेका छन्।

उनका प्रजातान्त्रिक समाजवाद, आस्थाको यात्रा, कृषि क्रान्ति र समाजवाद, राजनीतिको मार्ग, नेपाली कांग्रेस रूपान्तरणको मार्गलगायत दर्जनबढी पुस्तक र विभिन्न विषयमा नेपालको राष्ट्रिय, साप्ताहिक तथा अनलाइन मिडियाहरूमा समसामयिक लेखहरु प्रकाशित छन्।

तत्कालीन सभापति विश्वेश्वर प्रसाद कोइराला, पार्टीका सर्वमान्य नेता गणेशमान सिंह, पार्टीका संस्थापक नेता कृष्णप्रसाद भट्टराई र पछि सभापति गिरिजाप्रसाद कोइराला र सिंह तथा भट्टराईबीचको विवाद तथा मनमुटाव मिलाउन सधैं मध्यस्थता गरेकाले उनलाई कांग्रेसभित्र मध्यमार्गी नेताका रुपमा चिनिन्छ।

सशस्त्र द्वन्द्वरत तत्कालीन नेकपा माओवादीलाई मूलप्रवाहको राजनीतिमा ल्याउने ऐतिहासिक वार्ता र सहमतिका काममा अग्रणी भूमिका पनि उनले खेलेका थिए। उनी १२ बुँदे सहमति र विस्तृत शान्ति सम्झौताका मस्यौदाकार मध्येमा पनि पर्दछन्।

पौडेल 'संविधानको रक्षा, प्रतिनिधि सभाको सुरक्षा' भन्दै कांग्रेस, माओवादी, एकीकृत समाजवादी, जसपा र जनमोर्चाबीच गठबन्धन गरी चुनावमा जाने रणनीतिका सूत्रधार पनि मानिन्छन्।

तर उनी यसअघि पार्टी र सरकार दुवैतर्फ सर्वोच्च नेतृत्वमा पुग्न भने उनी असफल रहँदै आएका थिए। २०६७ सालमा प्रधानमन्त्रीका लागि उनले १७ पटक प्रतिस्पर्धा गरे। तर, सो पदमा उनी पुग्न सफल भएनन्।

त्यस्तै पार्टी सभापतिको चुनाव पनि उनले हारे। त्यसैले कतिपयले उनलाई असफल नेताका रुपमा लिने गरेका थिए। तर, राजनीतिक जीवनको उत्तरार्धमा उनी मुलुककै सर्वोच्च पदमा निर्वाचित भएका छन्।

२००१ असोज २९ गते तनहुँको मिलुङ, बाहुनपोखरा (हालको व्यास नगरपालिका-८) मा आमा ऋषिमाया र बुबा दुर्गाप्रसादको कोखबाट मध्यमवर्गीय किसान परिवारमा जन्म भएको थियो। सविता पौडेलसँग वैवाहिक बन्धनमा बाँधिएका पौडेलका चार छोरी र एक छोरा छन्।

तनहुँको व्यास नपा-२ अमरापुरी बसोबास भएका नेता पौडेल काठमाडौँको बोहराटारमा बस्दै आएका छन्। उनले नेपाली साहित्यमा स्नातकोत्तर र संस्कृतमा शास्त्रीसम्मको अध्ययन गरेका छन्।

राजनीतिक संलग्नता

हिमालयन छात्र संघ स्थापना (पोखरामा), २०१६। पोखरा विन्ध्य वासिनी पाठशालामा अध्ययन गर्दै गर्दा २०१७ साल जेठ/असारमा नेपाल संस्कृत छात्र संघको काठमाडौं अधिवेशनमा प्रतिनिधि।

२०१७ पुस १ गते जननिर्वाचित संसद् भंग गरी प्रधानमन्त्री बीपी कोइराला लगायत नेतालाई जेलमा राखिएको विरोध गर्दै प्रजातान्त्रिक आन्दोलनमा सहभागी।

नन्दी रात्रि माविबाट एसएलसी परिक्षा उत्तीर्ण। नन्दी रात्रि मावि विद्यार्थी संघको संस्थापक अध्यक्ष।

रानीपोखरी मावि विद्यार्थी संघको अध्यक्ष। जुद्धोदय हाइस्कुलमा विभिन्न २२ विद्यालयका विद्यार्थीको भेला गराई स्वतन्त्र विद्यार्थी युनियनको माग गर्दै त्यससम्बन्धी आन्दोलनको नेतृत्व। २०१९ सालमा नेपाल संस्कृत विद्यार्थी संघको संगठन सचिवको हैसियतमा २०१९/०२० सालमा उपत्यका आन्दोलनमा गिरफ्तार। २०२०/०२१ सालमा राष्ट्रव्यापी स्वतन्त्र विद्यार्थी आन्दोलनमा गिरफ्तार।

गण्डकी छात्र संघको संस्थापक अध्यक्ष, २०२३।सरस्वती कलेज स्वतन्त्र विद्यार्थी युनियन सभापति निर्वाचित, २०२३। प्रजातान्त्रिक समाजवादी युवा संघको संस्थापक महासचिव, २०२४। नेपाल विद्यार्थी संघको संस्थापक सदस्य, २०२७ (संघको स्थापनामा मुख्य भूमिका निर्वाह)। नेपाली कांग्रेस तनहुँको सदस्य (२०३४) र जिल्ला उपसभापति (२०३६)। जनमत संग्रहको सिलसिलामा बहुदलीय व्यवस्थाको प्रचारप्रसार गर्न गठित नेपाली कांग्रेस तनहुँ समितिको संयोजक २०३७।नेपाली कांग्रेस केन्द्रीय सदस्य तथा प्रचार विभाग प्रमुख, २०४०।

नेपाली कांगेस केन्द्रीय केन्द्रीय सदस्य, २०४३।नेपाली कांगेस केन्द्रीय महामन्त्री, (२०६२-२०६४)। नेपाली कांगेस केन्द्रीय उपसभापति, (२०६४-२०७२)। नेपाली कांग्रेस संसदीय दलको नेता, (२०६४-२०७०)।नेपाली कांगेस केन्द्रीय कार्यवाहक सभापति, २०७२। नेपाली कांग्रेस केन्दीय सदस्य, हालसम्म।

जेल जीवन

- भरतपुर कब्जा गर्ने नेपाली कांग्रेसको सशस्त्र संघर्षमा संलग्न भएको आरोपमा २०१८ मा काठमाडौंबाट गिरफ्तार भई पहिलोपटक करिब एक महिना हिरासतको सजाय।

- विद्यार्थी आन्दोलनका क्रममा गिरफ्तार र एक वर्ष हिरासतमा बन्दी, २०२१

- डीआईजी काण्डमा गिरफ्तार भई नख्खु जेलमा रहँदा पहिलो पटक गिरिजाबाबुसँग भेट, २०२३।

- प्रजातान्त्रिक समाजवादी युवा संघको महासचिव भएको आरोपमा पोखरामा गिरफ्तार गरी करिब १५ महिना हिरासतमा राखिएको, २०२४ (पोखरामा ९ महिना र काठमाडौंमा ६ महिना)

वांकी अन्तिम पेजमा...

# दुहवीवाट चोरीको मोटरसाईकल सहित दुई जना पक्राउ

सुनसरी । सुनसरीको दुहबी नगरपालिका-१ र २ स्थितबाट दुई वटा चोरीको मोटरसाईकल सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा दुहबी नगरपालिका-२ का ३५ बर्षीय सुर्य नारायण चौधरी र सुन्दरहरैचा नगरपालिका-३ मोरङका २७ बर्षीय अमन सरदार रहेका छन । बिशेष सुचनाको आधारमा इलाका प्रहरी कार्यालय दुहबीबाट खटिएको प्रहरी टोलीले उनिहरुलाई प्रदेश १-०२-०४८ प २९६१ नम्बर र प्रदेश १-०२-०५० प ३९७९ नम्बरको मोटरसाईकल सहित पक्राउ गरेको थियो ।

चोरीको मोटरसाईकल सहित पक्राउ परेका दुबै जनाको इलाका प्रहरी कार्यालय दुहबीबाट थप अनुसन्धान भईरहेको छ ।

# प्रतिवन्धित लागुऔषध र नक्कल नोट सहित २ पक्राउ

झापा । झापाको बिर्तामोड नगरपालिका-४ स्थितबाट प्रतिबन्धित लागु औषध ब्राउन सुगर र नक्कली नोट सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

बिशेष सुचनाको आधारमा प्रहरी चौकी बिर्ताबजारबाट खटिएको प्रहरी टोलीले बिर्तामोड-४ का सुवास ताजपुरियाको घर कोठा खानतलासी गर्दा ४ ग्राम ३९० मिलिग्राम ब्राउन सुगर, नाईट्राजेपान २८ ट्यावलेट र नक्कली नेपाली नोट हजार रुपैयाको ८८ थान, पाँच सयको २ थान, अष्ट्रेलियन नोट एक सयको ३ थान, अन्य देशहरुको नोट ११ थान, सक्कली नेपाली रुपैया ३ हजार र मे.५ प.९७९७ नम्वरको मोटरसाईकल बरामद भए सगै २४ बर्षीय सुवास ताजपुरिया र उनको भाई १९ बर्षीय प्रविण ताजपुरीयालाई पक्राउ गरिएको थियो ।

लागुऔषध ब्राउन सुगर र नक्कली नोट सहित पक्राउ परेका दुवै जनाको इलाका प्रहरी कार्यालय अनारमनीबाट थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

# प्रहरीद्धारा अवैध समान बरामद

बिराटनगर । झापा र मोरङ जिल्लाको सिमावर्ति क्षेत्रबाट भन्सार छलि अवैध रुपमा नेपाल भित्र्याउदै गरेको करिव १० लाख ५७ हजार बरावरको अवैध सामग्रीहरु प्रहरीले बरामद गरेको छ ।

सिमावर्ती क्षेत्रबाट हुने चोरी तस्करी नियन्त्रणमा खटिएको प्रहरी टोलीले भन्सार छलि चोरी निकासी गरी अवैध रुपमा नेपाल भित्र्याउदै गरेको अवस्थामा बिभिन्न प्रकारका रेडिमेड कपडा, लेहेङगा साडी, थान कपडा, खाधान्नका सामाग्री र मोटरपार्टस लगायतका समानहरु प्रहरीले बरामद गरेको छ। झापा जिल्लाका बिभिन्न स्थानहरुबाट ४ लाख ३० हजार रुपैयाँ बराबरको र मोरङ जिल्लाका बिभिन्न स्थानहरुबाट ६ लाख २७ हजार रुपैयाँ बराबरको अवैध सामग्री प्रहरीले बरामद गरेको थियो ।

इलाका प्रहरी कार्यालय काँकरभिट्टा, प्रहरी चौकी सतिघट्टा र अस्थायी प्रहरी चौकी कुटीबाट खटिएको प्रहरी गस्ती टोलीले चेक जाँचको क्रममा भन्सार छली चोरी पैठारी गरी नेपाल भित्र्याउदै गरेको अवस्थामा घर्रामा प्रयोग हुने १५० जोर स्लाईड च्यानल, २५ के.जि. सुपाडी, कपडा र खाधान्नका सामान समेत गरी अन्दाजि २ लाख ४० लाख ५ सय रुपैया बराबरको सामान बरामद गरेको थियो ।

बरामद गरिएका समानहरु आवश्यक कारवाहिको लागि सम्बन्धित भन्सार कार्यालयहरुमा बुझाईएको छ ।

# आसराको पाँचौ वार्षिक उत्सव सम्पन्न




सुनसरी । आसरा सुधार केन्द्र पानवारी धरानको पाचौ बार्षिकोत्सव तथा तेस्रो बार्षिक साधारण सभा भब्यताका साथ सम्पन्न भएको छ ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल प्रहरी श्रीमती संघकी अध्यक्ष श्रीमती कुसुम लता सिंहले पानसमा दिप प्रज्वलन गरी बिधिवत रुपमा समुदघान गर्नु भएको थियो । साथै वहाँले केन्द्रको परिसरमा नव-निर्मित भगवती मन्दिरको समेत समुदघाटन गर्नु भएको थियो ।

आसरा सुधार केन्द्र धरानको प्राङ्गणमा सम्पन्न उक्त कार्यक्रमलाई सम्बोधन गर्नु हुदै संघकी अध्यक्षले दुर्व्यसनीमा फसेका युवाहरुलाई उपचार, परामर्श तथा पुनर्स्थापना मार्फत पुर्नजीवन प्रदान गरी समाजको एक प्रतिष्ठित नागरिकको रुपमा पुनर्स्थापना गर्ने कार्य गर्दै आएको आसरा सुधार केन्द्रले आगामी दिनमा समेत थप ब्यवस्थित र प्रभावकारी रुपमा सेवा प्रदान गर्दै रहनेमा आफु बिश्वस्त रहेको बताउनु भयो ।

कार्यक्रममा प्रमुख अतिथि सिंहले मन्दिर निर्माणमा सहयोग पुऱ्याउनु हुने महानुभावहरुलाई सम्मान पत्र तथा केन्द्रमा उपचाररत सदस्यहरुको स्वास्थ्य उपचारमा सहयोग गर्नु हुने स्वास्थ्य कर्मीहरु तथा आन्तरिक खेलकुद प्रतियोगितामा विजयी हुने केन्द्रका उपचाररत सदस्यहरुलाई समेत पुरस्कार प्रदान गर्नु भएको थियो ।

कार्यक्रममा धरान उप-महानगरपालिकाका मेयर हर्कराज राई तथा कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रमुख एवं आसरा सुधार केन्द्र, पानवारी धरानका प्रमुख संरक्षक प्रहरी नायव महानिरीक्षक श्याम लाल ज्ञवालीले शुभकामना मन्तब्य राख्नु भएको थियो । साथै कार्यक्रममा नेपाल प्रहरी प्रदेश कार्यालय धरानका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक उमाशंकर पंजियारले प्रमुख अतिथि श्रीमती कुशुम लता सिंह, कोशी प्रदेश प्रहरी श्रीमती संघकी अध्यक्ष श्रीमती सिता ज्ञवाली लगायतका महानुभावहरुलाई मायाको चिनो प्रदान गर्नु भएको थियो ।

कार्यक्रममा नेपाल प्रहरी श्रीमती संघ, प्रदेश प्रहरी श्रीमती संघका पदाधिकारीहरु, संचालक समितीका पदाधिकारीहरु, केन्द्रका आजिवन सदस्यहरु, स्थानिय जनप्रतिनीधीहरु, सुरक्षा निकायका प्रमुखहरु तथा कर्मचारीहरु र उपचाररत सदस्यहरुको समेत सहभागिता रहेको थियो ।

आसरा सुधार केन्द्र पानवारीले २०७५ साल चैत्र महिना देखि निरन्तररुपमा लागू औषध तथा मद्यपानको लतमा फसेका व्यक्तिहरुलाई स्वास्थ्य कर्मी एवं अनुभवी तथा दक्ष मनोविमर्शकर्ताहरुद्वारा उपचार गराई समाजमा पुनर्स्थापना गराउदै आउनुका साथै लागू औषधको दुरुपयोगबाट हुन सक्ने परिवारिक, सामाजिक, आर्थिक तथा व्यक्तिगत समस्याका साथै अपराधिक गतिविधिलाई न्युनिकरण गर्ने उद्देश्यका साथ लागूऔषध दुर्व्यसनको उपचार तथा पुनर्स्थापनाको क्षेत्रमा महत्वपुर्ण योगदान पुऱ्याउँदै आईरहेको छ ।

यस केन्द्रले स्थापना काल देखि हाल सम्म ८९६ जना सदस्यहरुलाई उपचार गराउदै आईरहेकोमा उपचार पश्चात ८१० जनालाई डिष्चार्ज गरी समाजमा पुनर्स्थापना गराई सकेको छ भने हाल ८६ जना सदस्यहरुको प्रभावकारीरुपमा स्वास्थ्य उपचार भईरहेको छ ।

## सांसदको...

मूल्यांकन पनि गरिन्छ ।

यस किसिमको धारणा-मिटरका अतिरिक्त त्रैमासिक सर्वेक्षण पनि गर्न सकिन्छ। उक्त सर्वेक्षणमा अन्य धेरै कुरा समेट्न सकिन्छ, जस्तै- प्रतिनिधिको प्रस्तुति र सम्बोधनको तथ्य जाँच, चुनावमा गरेका बाचा पूरा गर्नेतर्फ प्रतिनिधिले चालेका पाइला, सांसदको जनतामाझ लोकप्रियता, सांसदसम्म जनताको पहुँच, चुनाव जितेपछि सांसद कतिपटक आफ्नो निर्वाचन क्षेत्रका मतदाताको घरदैलोमा गए, कतिवटा उद्घाटन, शिलान्यास लगायत कार्यक्रममा सहभागी भए आदि ।

यी सबै मूल्यांकन गरी त्यससम्बन्धी प्रतिवेदन सार्वजनिक गर्न सकिन्छ ।

धारणा-मिटर कसले बनाउने ?

हामीले गरेका बाचा र गरिरहेका काम विश्लेषण गर्ने जिम्मेवारी विशेषत: मिडिया, विश्वविद्यालय, विज्ञवर्ग, राजनीतिशास्त्रका विद्यार्थी, अनुसन्धानकर्ता, थिंक ट्यांक र लोकतन्त्र प्रवर्द्धनमा काम गर्ने गैरसरकारी संस्थाहरूले लिन सक्छन् ।

मिडियामा संसदीय कार्यक्रम प्रसारण र अभिलेख, विभिन्न नागरिक समाजका सदस्य तथा निष्पक्ष राजनीतिक विश्लेषकसँग कुराकानीका आधारमा गरिएको राजनीतिक मूल्यांकन, संसदमा गरिएका कामको स्वतन्त्र जाँचबुझ आवश्यक छ । प्राइम टाइममा को नेताले के बोले भन्नेजस्ता सामग्रीबाट माथि उठेर निर्वाचित प्रतिनिधिका रूपमा हाम्रो आधिकारिक भूमिका के रह्यो, संसदमा को कुन भूमिकामा संलग्न भए लगायत विषयमा बहस चलाउन सञ्चारमाध्यमले सोच्नुपर्ने देखिन्छ। यी विषयको वस्तुगत विश्लेषण गरी धारणा-मिटर बनाउन मेरो सबैसँग आग्रह पनि छ ।

कल्पना गर्नुहोस् त, एउटा राजनीतिक कम्पास बनोस्, जसले हामी जनप्रतिनिधिहरू कति बेला-लेफ्ट, राइट वा सेन्टर-कता ढल्किरहेका छौं भनेर बताओस् । २०७९ पुस ७ गते नयाँ संघीय सांसदहरूले शपथ लिएदेखि नै हाम्रा सबै काम मूल्यांकन गरी यो मिटरमा सार्वजनिक रूपले नियमित अपडेट हुने हो भने हाम्रा धारणा कति प्रस्ट हुन्थे होलान् ।

पहिलोपटक सदन पुगेको सांसद भए पनि मेरो एउटा निवेदन छ- सबै मिलेर आफ्ना जनप्रतिनिधिलाई मिठा भाषण र परिवर्तन ल्याउने बाचाबाट मात्र मूल्यांकन गर्नेभन्दा आधिकारिक रूपमा सदन वा सरकारमा हुँदा आफ्नो काम गरेर, योग्यता देखाएर व्यवहारमार्फत् आफ्नो धारणा प्रस्तुत गर्न प्रोत्साहन गरौं। त्यस्ता कार्यलाई सकारात्मक प्रतिक्रिया दिनेतर्फ एकीकृत प्रयत्न गरौं ।

आफ्ना स्रोत र साधनलाई जनप्रतिनिधि र नेताहरूको व्यावहारिक धारणा पत्ता लगाउन र हामीले आफ्नो कार्यकालमा गरेका कामको जानकारी नागरिकसमक्ष पुऱ्याउनेतर्फ लागौं । यसको जानकारी भएपछि मात्र नागरिकसँग आफ्ना प्रतिनिधिलाई जवाफदेही बनाउने औजार उपलब्ध हुन्छ र मतदाताले अर्को निर्वाचनमा भाषण र घोषणापत्रका आधारमा भन्दा काम र जवाफदेहिताका आधारमा मतदान गर्न सक्छन् ।

सांसदको काम गर्ने शैलीमा संस्थागत सुधारको आवश्यकता छ। यसमा धारणा-मिटर सुधारको एउटा महत्त्वपूर्ण बाटो बन्न सक्छ । (लेखक श्रेष्ठ प्रतिनिधि सभा सदस्य हुन्।) सेतोपाटीवाट

## हार्दिक अनुरोध

- सार्वजनिक स्थळमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थळमा फोहर नफाळौ । गाउँळाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

ग्रामथान गाउँपालिकाको कार्यालय, मोरंग, प्रदेश १

